अजयमेरु गाउँपालिका उपाध्यक्ष श्री बसन्ती पाल ज्यू ले

अजयमेरु गाउँसभा समक्ष पेस गर्नु भएको

# आर्थिक बर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम

अजयमेरु गाउँपालिका

भद्रपुर, डडेल्धुरा

२०८०

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
गाउँसभाका सदस्य ज्युहरु,

अजयमेरु गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वीत भएकी छु । आजको यो ऐतिहासीक अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका भिमदत्त पन्त लगायतले गरेको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, जनतन्त्र र जनजिविकाका पक्षमा भएका जायज आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै माथि उल्लेखित आन्दोलनका क्रममा भएका बेपत्ता योद्धाजनलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाईते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु ।

लामो संर्घषपछि नेपाली जनताको चाहाना अनुरुप संघिय स्वरुपका समावेशी जनप्रतिनिधीमुलक राज्य प्रणाली स्थापना भएकोछ । तिनै तहको निर्वाचनवाट लोकतान्त्रीक शासन प्रणली संस्थागत भएकोछ । यो मौलीक स्वरुपको राजनितीक उपलब्धीसंगै जनताको भरपर्दो साथ र विश्वास पाइ ५ वर्षे कार्यकालको सुरुवाती चरणमा  रहेको वर्तमान अजयमेरु सरकारलाइ गाउँपालिकाका सम्पुर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिका यात्रामा अविचलीत रुपमा अघि वढ्न र अजयमेरु वासी जनताको सेवामा तल्लिन हुने सु-अवसर प्राप्त भएको छ ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले स्थानिय सरकार संचालन ऐन-२०७४, नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितीमा जारी गरिएका निती, मार्गदर्शन, तथा सुझाव ,यस अजयमेरु गा.पा.बाट जारी भएका विभिन्न ऐन, नियमावली,कार्यविधी, आचारसंहिता कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती बैठकको निर्णय, बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाउँपालिकाका अध्यक्ष ज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताका आवश्यकता तथा प्राथमिकिकरण लाइ ध्यानमा दिइ आगामी आ.व. को वजेटको निर्माण गरेकी छु ।

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

अव म  आ.व. ०८०।०८१ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि गाउँपालिकाको परिचय, सवल पक्ष कमजोर पक्ष अवसर र चुनौतीहरु पेश गर्न चाहान्छु ।

सम्मानित अध्यक्ष महोदय,

हाम्रा सामु रहेका कठिनाइका बाबजुत पनि गाउँपालिकाको लिएको विकास र समृद्धि हासिल गर्ने लक्ष्य तर्फ उन्मुख रहने गरी वजेट तयार गरेकी छु । यो वजेटका उद्देश्यहरु निम्न रहेका छन ।

- कृषि, शिक्षा, स्वस्थ्य, पर्यटन एवं भौतिक पुर्वाधारको विकास र विस्तार गरी गाउँपालिकालाइ आर्थिक समृद्धितर्फ उन्मुख गर्नु,
- उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधिन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण गर्नु,
- महिला, दलित, उपेक्षीत र चरम गरिवीको रेखामुनी रहेका गाउँपालिका नागरीकलाइ सामाजिक र आर्थिक समानता कायम गर्नु ।

यि उद्देश्यहरु हासिल गर्नका लागी आगामी आर्थिक वर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरेको छु ।

- कृषिमा आत्मनिर्भरता
- ब्यवस्थीत पुर्वाधार विकास
- गरीवी न्युनिकरण लक्षित कार्यक्रम
- गुणस्तरीय तथा ब्यवसायीक शिक्षाको विकास
- आधारभुत र आकस्मीक स्वस्थ्य सेवामा नागरीकको पहुँच स्थापना
- जल, जमिन र पर्यटनको वैज्ञानिक ब्यवस्थापन
- स्वरोजगार उन्मुख कार्यक्रम सन्चालन
- सुचना प्रविधि मैत्रि प्रशासनको विकास

अव म आ.व.०८०/८१ को वजेट तथा कार्यक्रम यहाँहरु समक्ष पेश गने अनुमती चाहान्छु ।

***(१) आर्थिक क्षेत्र :***

**(क) कृषी तथा पशु :**

- यस गा.पा. को प्रमुख पेशाको रुपमा कृषीको ब्यावसायिकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धीको दिगो आधार तयार गर्ने निती लाइ सफल पार्न नाङ्गा डाँडा तथा घरबगैँचामा फलफुल बगैँचा स्थापना, कृषक तालिम, उन्नत र परम्परागत विउ वितरण, साना सिँचाई, भकारो सुधार, तरकारी नर्सरी, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह मार्फत बाख्रा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- कृषिमा  ब्यवसायीक भैसी पालना गर्ने कृषकलाइ पशु सुत्केरी भत्ता २ हजार ५ सय प्रदान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइएकी छु ।
- नाङ्गा डाँडा तथा घरबगैँचामा फलफुल बगैँचा स्थापना, कृषक तालिम, प्रदर्शनी,  उन्नत र परम्परागत विउ वितरण,साना सिँचाई, भकारो सुधार, तरकारी नर्सरी, स्थानिय कुखुरा, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह मार्फत कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गर्न आवश्यक रकम विनियोजन गरेकीछु ।
- यस गाउपालिकाको प्रमुख संभावनाको रुपमा रहेको भटमास उत्पादनलाइ वढाउन तथा आम जनताको प्रमुख वालिको रुपमा विकास गराउन  विउमा उल्लेख्य अनुदान लगायत अन्य आवस्यक कार्यकम प्रवर्धनात्मक कार्यकम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- पिल्कोटि च्याखुरा संरक्षण कार्यक्रम सम्पन्न गर्नका लागि रु १ लाख विनियोजन गरेकी छु |
- वडा न. ६ मा फलफुल तथा मह उत्पादन कार्यक्रमका लागि रु ३ लाख विनियोजन गरेकी छु |
- ओखर मिसन तथा आँप, लीची, कटहर बगैचा बिस्तार गर्न ४ लाख ५० हजार बिनियोजन गरेकी छु |
- अजयमेरु गाउँपालिका अन्तर्गत रहेका कृषकहरुको कृषक समूह संजाल गठन गर्न रु ५०००० विनियोजन गरेकी छु |
- कृषक आइ पी एम पाठशाला संचालन गर्न रु १ लाख २० हजार विनियोजित गरेकी छु |

- अजयमेरु गाउँपालिकामा पुष्प खेति प्रवर्धन गर्न रु १ लाख बिनियोजन गरेकीछु ।
- पशु पन्छीमा लाग्न सक्ने सम्भावित माहामारी जन्य रोगहरुको नमुना संकलन गरि अन्वेषण गर्न नमुना संकलन कार्यक्रम संचालन गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।
- बैदेशिक रोजगारीबाट सिप सिकेर आइ स्वदेशमा बेरोजगार रहेका युवाहरुलाई रोजगारीका अवशर शिर्जना गर्न युवा स्वरोजगार कार्यक्रम मा रु १ लाख ५० हजार विनियोजन गरेकी छु ।
- तरकारी बिउ तथा विषादी घुम्ती कोष संचालन गर्न रु ६ लाख विनियोजन गरेकी छु ।
- पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरेकी छु ।
- अजयमेरु गाउँपालिका वडा न. २ मा अनार खेतिका लागि रु १८ लाख विनियोजन गरेकी छु ।
- गाउँपालिकामा एकै जातका न्युनतम ५० ओटा र विभिन्न प्रजातिका न्युनतम ३०० ओटा फलफुल खेति गर्ने र ५/५ ओटा भैसी/गाइ पालन गर्ने किसानलाइ पुरस्कारको लागि व्यवस्था गरेकी छु ।

**(ख ) पर्यटन तथा संस्कृती :**

- यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति अनुरुप अजयमेरुको संरक्षणमा रु१४ लाख रकम विनियोजन गरेकी छु।
- ऐतिहासिक महत्वको धार्मिक तथा पर्यटकीय स्थल देवल पार्क (वडा न. ५) लाइ व्यवस्थित तथा पार्क निर्माण गर्नका लागि रु ३ लाख विनियोजन गरेकी छु ।
- एक वडा एक पार्क, स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्न आवश्यक रकम विनियोजन गरेकी छु।
- समग्र मठ मन्दिरको मर्मत सम्भार तथा संरक्षणको लागी ६ लाख रकम विनियोजन गरेकी छु।
- जयराज स्मृति पार्क पर्यटन पूर्वाधार कार्यक्रम, अजयमेरु ३ निर्माण गर्न ५ लाख विनियोजन गरेकी छु ।
- खिट्केश्वर पर्यटन पूर्वाधार कार्यक्रम अजयमेरु ५ र कनबेताल पूर्वाधार विकास अजयमेरु ४, संचालन गर्न १० लाख रकम विनियोजन गरेकी छु ।

**(ग) सहकारी :**

- गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्न सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्न तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गर्न आवश्यक १ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।
- गाउँपालिका भित्रका विधुत सेवा ग्राहीको मशसुल संकलन गरी जिल्लामा बुझाउने कार्यमा सहजीकरण गर्ने सहकारी संस्थालाइ यातायात तथा संकलन खर्चमा सहुलीयत प्रदान गर्न रु ३६ हजार रकमको ब्यवस्था गरेकी छु ।

## २ सामाजिक क्षेत्र

**(क) शिक्षाः**

- MBBS अध्ययन गर्नका लागी उत्कृष्ट विद्ययार्थीका लागी छात्रवृत्ती कार्यक्रम अन्तर्गत रु ६ लाख विनियोजन गरेकीछु ।
- शिक्षामा सवैको पहुँच पुर्‍याउदै प्राविधिक र व्यवसायिक बनाउने नीति तथा कार्यकमलाइ यस वर्ष पनि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम संचालन तथा मर्मत संभार र घेरवारको लागी आवश्यक रकम रु ५ लाख विनियोजन गरेकी छु ।
- शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अर्न्तरक्रिया तथा प्र.अ. वैठक संचालन गर्न गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- SEE मा उच्च अंक ल्याउने विद्यार्थि तथा टुहुरा गरीव द्वन्द पिडित, जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षाको लागी अध्यक्ष छात्रवृत्ती कार्यक्रममा आवश्यक रकम रु १ लाख विनियोजन गरेकी छु ।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्न तालिमको ब्यवस्था गरेकी छु ।
- शिक्षक अभावको समस्यालाइ न्युनिकरण गर्नै कार्यकम निरन्तरता दिन तथा थप शिक्षक भर्ना गर्न तथा स्वयमसेवक शिक्षक कार्यकम लागु गर्न रु १ कारोड १२ लाख रकम विनियोजन गरेकी छु ।
- कक्षा आठ र पाचँको परिक्षालाइ थप प्रभावकारी वनाउन तथा सम्पुर्ण कक्षाका सम्पुर्ण परिक्षा गाउपालिका स्तरमा संचालन गर्न आवश्यक रकम रु ७ लाख विनियोजन गरेकी छु ।
- बालक्लब, जुनियर रेडक्रस तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवस्यक बजेट विनियोजन गरेकी छु ।

- विद्यालयका बालबालिकाको शैक्षिक भ्रमण तथा व्यवस्थापनमा सहजीकरण गर्न आवस्यक प्रवन्ध गरेकी छु ।
- आधारभूत तह कक्षा १-८ को लागि स्थानीय पाठ्यपुस्तक छपाई गरि निशुल्क वितरणका लागि रु ८ लाख विनियोजन गरेकी छु ।
- चन्द्रज्योति आ वि घेरापर्खाल निर्माण र जयन्ति आ वि खानेपानी निर्माण गर्न १४ लाख विनियोजन गरेकि छु ।
- केदार शिशु सुधारक मा. वि खोलि मटेलामा शैक्षिक पूवाधार विकास तथा नमुना विद्यालय स्थापना गर्न बहुबर्षीय कार्यक्रम अन्तर्गत आ व २०८०/८१ मा ७० लाख रकम विनियोजन गरेकी छु ।

**(ख) स्वास्थ्य**

- No More Home Delivery, मोवाइल भिडियो एक्सरे सेवा, सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वास्थ्यकर्मी भेटघाट कार्यकम, डाक्टर सहितको स्वास्थ्य शिविर बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाउन तथा स्वास्थ्य सेवाका नियमित कार्यकम सचालन गर्न १ करोड ८८ लाख ६४ हजार १ सय विनियोजन गरेकी छु ।
- स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी वनाउन रु १६ लाख विनियोजन गरेकी छु ।
- निसुल्क औषधी वितरण कार्यकम वनाइ केहि सशुल्क औषधी निसुल्क वितरणको लागी १० लाख विनियोजन गरेको छु ।
- सामुदायीक स्वास्थ्य ईकाई सञ्चालन गर्नका लागी रु ४३ लाख ३२ हजार विनियोजन गरेकी छु । र दुर्गम स्थानमा थप सामुदायिक स्वास्थ्य केन्द्र संचालनमा ल्याईने छ ।
- अजयमेरु गाउँपालिकाका सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर संचालन गर्नका लागि रु १२ लाख रकम विनियोजन गरेकी छु ।
- गाउँघरमा डाक्टर कार्यक्रमको लागि रु २ लाख ४५ हजार रकम विनियोजन गरेकी छु ।
- अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता कार्यक्रम को लागि ३ लाख २० हजार रकम विनियोजन गरेकी छु ।
- अजयमेरु गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको बर्षको २ पटक ब्लड प्रेसर, सुगर, पिसाव, पिसावामा प्रोटिनको मात्रको निशुल्क जांच गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।

- गर्भवती जांच प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
- स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डलाइ प्रभावकारी बनाउन आवस्यक बजेटको सुनिस्चितता गरेकी छु ।
- गाउँपालिकामा स्वास्थ्यका सूचक देखिने गरि ड्यासबोर्ड कार्यक्रमलाई संचालन गर्न आवस्यक बजेटको व्यवस्था गरेकी छु ।
- क्षयरोग मुक्त अभियान कार्यक्रम संचालन गर्न रु २० लाख बजेट विनियोजन गरेकी छु ।
- अजयमेरु गाउँपालिका स्वास्थ्य पूर्वाधार निर्माण अजयमेरु ६ को लागि रु ८० लाख विनियोजन गरेकी छु ।

**(ग) खानेपानी तथा सरसफाई :**

- खानेपानीमा सबैको सहज पहुँच पुऱ्याउँदै स्वच्छ खानेपानी पुऱ्याउने नीति अनुरुप पानी मुहानहरु रिचार्ज गर्न, पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्द्धन गर्न ,बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- खानेपानीको सहज पहुचको लागी डिप वोरिङ प्रविधि तथा लिफ्टको सम्भाव्यता अध्ययन आवश्यक रकम विनियोजन गरेकी छु ।
- सबै भन्दा वढि खानेपानिको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोरनाय लिफ्ट वहुउपयोगी खानेपानि तथा सिचाइ आयोजनाको निर्माणको लागी संघिय सरकार समपुरक अनुदानमा आवश्यक रकम विनियोजन गरेकी छु ।
- झालटुकुरी सत्तड़ी लिफ्ट खानेपानी योजना अजयमेरु ४ चौड़ी, भम्का बन्लेक लिफ्ट खानेपानी योजना र मालझुल मेल्चोरा पालि महरगाउँ लिफ्ट सिचाई संचालन गर्न रु १ करोड ५० लाख विनियोजन गरेकी छु ।

**(घ) खेलकुद तथा मनोरञ्जनः**

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीति अनुरुप समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति कियाशिल वनाउन गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय अध्यक्ष कप प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगीता संचालन गर्न रु २० लाख विनियोजन गरेकी छु ।

- अध्यक्ष कप खेलकुद प्रतियोगीताको लागी आवश्यक रकम रु ३ लाख विनियोजन गरेकी छु ।
- खेल प्रशिक्षक तथा सम्पुर्ण मावि विद्यालयका खेल शिक्षकलाइ तालिम ब्यवस्था गर्नको लागी रु २ लाख विनियोजन गरेकी छु ।
- माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु ८ लाख विनियोजन गरिकी छु |
- आधारभुत विद्यालय स्तरीय उपराष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु २ लाख पचास हजार विनियोजन गरिकी छु |
- शिक्षक कर्मचारी मैत्रीपुर्ण खेलकुद प्रतियोगिता गर्नको लागि रु ५० हजार विनियोजन गरेकी छु |
- खेलकुद प्रवर्धन गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिताको लागि रु ३ लाख विनियोजन गरेकी छु |
- यस गाउँपालिका भित्रका माध्यमिक तथा आधारभुत विद्यालयहरुलाई खेलकुद प्रतियोगितामा सहभागिता गराउनको लागि प्रोत्साहन स्वरूप रु २ लाख ५० हजार विनियोजन गरेकी छु |

**(ङ) लैङ्गिक समानता र समावेशीकरण**

- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति अनुरुप महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गर्न दलित, विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम सन्चालन गर्न ७ लाख रकम विनियोजन गरेकी छु ।
- एकल महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत आय आर्जनका कार्यक्रमका लागी रु २ लाख ५० हजार विनियोजन गरेकी छु ।
- लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रमका लागी लैंगिक हिंसा निवारण कोष स्थापना गरेकी छु |
- “ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम” अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ रु ३ लाख विनियोजन गरेकी छु ।
- सेफ हाउस संचालनको लागी रु १ लाख विनियोजन गरेकी छु ।
- महिला शशक्तिकरण द्वारीका देवी ठकुरानी कार्यक्रम अन्तर्गत पछाडी परेका पारिएका विपन्न महिलाको शशक्तिकरणका लागी रु ३ लाख विनियोजन गरेकी छु ।

- बाल क्लब, स्काउट परिचालन तथा बाल प्रतियोगिताका लागि रु १ लाख विनियोजन गरेकी छु ।
- अजयमेरु गाउँपालिका अन्तर्गत विदुर हरुको जनजीविकाका लागि विदुर भत्ता वितरण कार्यक्रममा रु ५ लाख ५० हजार विनियोजन गरेकी छु ।
- शहिद घाइते जेलबन्दिको सम्मानका लागि रु १ लाख ५० हजार विनियोजन गरेकी छु।
- अजयमेरु गाउँपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन र कानुनि सहायता सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरेकी छु ।

## पूर्वाधार विकास क्षेत्रः

### (क) स्थानीय सडक र यातायातः

- वर्षामा हुने सडक क्षतीको कारण सडक अवरुद्ध हटाउन तथा सडक सरसफाइ र अन्य आकस्मीक सार्वजनीक मर्मतका लागि रकम रु १० लाख विनियोजन गरेको छु ।
- प्रदेश सरकार समपुरक अनुदान तथा गाउँपालिकाको सयुक्त लगानीमा गणेशधुरा खतेडा सडकका लागि रु ४५ लाख २८ हजार विनियोजन गरेकीछु ।
- सोर्नाया डागेश्वरी लिफ्ट खानेपानी आयोजना यसै आर्थिक बर्षमा सम्पन्न गर्न रकम बिनियोजन गर्नुका साथै नपुग रकमको लागि नगर विकास कोषसंसद विकास कोष , तथा अन्य दात्री निकायहरु संग सहयोगको लागि अनुरोध गर्ने व्यवस्था मिलाएकी छु ।
- देवल बहूद्देशीय खानेपानी आयोजना अजयमेरु ५ र ६ को लागि आवस्यक पर्ने रकम विनियोजन गरेकी छु ।

### (ख) सिंचाई

- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अनूरुप अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गर्न ग्रामिण पुर्वाधार विकास कार्यकम  तथा गाउँपालिका मार्फत आवश्यक रकम विनियोजन गरेकी छु ।
- साना सिचाई मार्फत सिचाई सुविधा उपलब्ध गराउन रु १२ लाख विनियोजन गरेकीछु ।

### (ग) भवन तथा सहकारी विकास

- भवन निर्माण आचार संहिता - २०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति  कार्यान्वयनमा ल्याइनेछ ।

**(घ) उर्जा तथा लघु जलविद्युत**

- विद्युतीकरण शत प्रतिशत पुऱ्याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ साथै वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम सौर्य सडक वत्ति कार्यक्रम ससर्त अनुदानको कार्यक्रमवाट संचालन गरीनेछ ।

**(ङ) सञ्चार**

- सबै गाउँपालिकाका कार्यालयमा ,शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट तथा गाउपालकि भरीका कार्यालय जोड्न इन्ट्रानेट सुविधा जडान कार्यका लागी रु १२ लाख विनियोजन गरेको छु गरेकीछु ।
- यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट थप प्रभावकारी वनाउन आवश्यक रकम विनियोजन गरेकी छु ।

## (४). वन ,वातावरण तथा विपद व्यवस्थापन

- बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अनुरुप “अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम” मार्फत सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण  गर्न रकम रु १० लाख विनियोजन गरेकी छु ।
- प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम रु १० लाख विनियोजन गरेको छु ।

## (५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

- व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत  गर्न तथा सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गर्न र राजश्व प्रणलीलाइ कम्प्युटराइज्ड तथा टोकन प्रणाली लागू  गर्न आवश्यक रकम रु ५ लाख विनियोजन गरेको छु ।
- न्यायमा सबैको पहुच सुनिस्चीत गर्न न्यायमुलक कार्यक्रम संचालन गर्न रु ३ लाख विनियोजन गरेको छु ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका गर्नका  लागी मानव संसाधान विकास कार्यक्रममा रु १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि डिजिटल नागरिक वडापत्र सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- सम्पुर्ण राष्ट्रसेवक कर्मचारी शिक्षक, विद्यालय कर्मचारी शिक्षकको मनोवलमा उच्च राख्न एकमुष्ट चाडवाड खर्च उपलब्ध गराउन रु २० लाख विनियोजन गरेको छु ।

- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत कार्यालय, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने आवश्यक रकम रु २ लाख विनियोजन गरेको छु ।

## (६) विविध

- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ ।
- वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- छुट हलिया तथ्यांक संकलनका रु १ लाख विनियोजन गरेकी छु ।

अव म वडा स्तरका कार्यक्रम तथा योजनामा विनीयोजीत रकम र विनियोजनको आधार प्रस्तुत गर्दछु ।

स्रोत तथा सिमा निर्धारण समितिको निर्णय बमोजिम वडा स्तरका साना योजना तथा कार्यक्रमका लागी विनियोजीत कुल रकमको ७० प्रतिसत रकम समान रुपमा वितरण गरीएको थियो भने २० प्रतिसत जनसंख्या र १० प्रतिसत विकासको स्तरका आधारमा विनीयोजन गरीएको थियो जस अनुसार वडा नं १ मा रु २५ लाख ५५ हजार, वडा नं २ मा २९ लाख ३२ हजार, वडा नं ३ मा २५ लाख २५ हजार , वडा नं ४ मा २५ लाख ५८ हजार वडा नं ५ मा २७ लाख ४८ हजार र वडा नं ६ मा २५ लाख ९८ हजार विनियोजन गरेको छु ।

सम्मानित गाउसभा अध्यक्ष ज्यू

- अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धि आधारहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।
- आर्थिक वर्ष २०८०।८१ का लागी अनुमान गरएिको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु ३३ लाख ५० हजार, अल्या बाट १ करोड ५० लाख, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण वाट रु ८ करोड १७ लाख, नेपाल सरकार वाट राजश्व वाडफाड भइ प्राप्त हुने रु ७ करोड ९२ लाख १२ हजार ३ सय मात्र, नेपाल सरकारवाट प्राप्त शशर्त अनुदान रु २२ करोड ८६ लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरणवाट रु ६४ लाख ०६ हजार, प्रदेश सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु १७ लाख २४ हजार, प्रदेश सरकारवाट प्राप्त शशर्त अनुदान रु ५६ लाख ५० हजार रहनेछ । साथै प्रदेस सरकार वाट समपुरक अनुदान वाट १करोड २ लाख ६४ हजार र विशेश अनुदानवाट ७० लाख, संघिय सरकारवाट विशेश अनुदानबाट ७० लाख र संघिय सरकार समपुरक अनुदान वापत ८० लाख प्र्राप्त हुनेछ भन्ने

अनुमान गरेको छु । यसरी कुल आय ४५ करोड ३९ लाख ०६ हजार ३ सय अनुमान गरेको छु । साथै अनुमानित खर्च तर्फ प्रसासनिक चालु खर्च ९ करोड ५७ लाख ६० हजार, विविध तथा पुँजिगत तर्फ १४ करोड १४ लाख ५३ हजार, शर्शत कार्यक्रम २३ करोड ८६ लाख,गरि जम्मा रु ४५ करोड ३९ लाख ०६ हजार ३ सय ब्यय हुने अनुमान गरेकी छु ।

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

अन्त्यमा,

यस वजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य,भौतिक पुर्वाधार,कृषि, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा पन्ध्रौ पन्चवर्षिय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेकी छु ।

प्रस्तुत वजेट वनाउन मार्ग दर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू,वडा अध्यक्ष ज्यूहरु,गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने राजनितीक दल ,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज पत्रकार ,पेशाकर्मि तथा सामुदायिक संस्था, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सामाजिक संगठनहरु पत्रकार र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वजेट तथा कार्यक्रमको कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेकी छु ।

धन्यबाद

बसन्ती पाल

उपाध्यक्ष, अजयमेरु गाउँपालिका